# घोडाघोडी नगरपालिकाको प्रतिवद्धता

**स्थानीय तहमा जवाफ देहीता, पारदर्शीता, कानूनको शासन र सहभागिता प्रर्वद्धन गरी सुशासन र सदाचारिता कायम गर्न घोडाघोडी नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले देहाय बमोजिमको प्रतिवद्धता व्यक्त गर्दछौ ।**

१) नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको अक्षुणता प्रतिकुल नहुने गरी सदैव राष्ट्र र जनताको हितलाई ध्यानमा राखी आफ्नो पदीय जिम्मेवारीको पालना गर्नेछौ ।

२) प्रत्येक आर्थिक वर्षको समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र परिवारको नाममा रहेको सम्पती विवरण सम्बन्धीत स्थानीय निकायमा पेश गर्नेछौ ।

३) निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता वनाई लागु गर्नेछौ । आफ्नो स्वार्थ गासिएको विषयको निर्णय प्रक्रियामा सहभागी हुने छैन ।

४) कानून बमोजिम पाउने पारिश्रमिक, सेवा सुविधा र भत्ता बाहेक अन्य कुनै साधन र स्रोत, नगद वा जिन्सी कुनै प्रकारको लिने वा दुरुपयोग गरिनेछैन । कानून बमोजिम लिएको सुविधाको विवरण वार्षिक रुपमा सार्वजनिक गर्नेछौ ।

५) पुर्व जानकारी विना सेवा दिने कार्यक्षेत्र छोडिने छैन । विशेष कारण वस सेवा दिने क्षेत्रमा उपस्थित हुन नसकेको खण्डमा कानूनले तोकेको पदाधिकारीलाई जानकारी एवं अख्तियारी दिई सेवा प्रबाहको सुनिश्चितता गर्नेछौ ।

६) स्थानीय तहबाट प्रदान हुने सेवा प्रबाहलाई गुणस्तरिय र प्रभावकारी वनाउन नागरिक वडापत्र कार्यान्वयनमा ल्याउनेछौ ।

७) कानून बमोजिम स्थानीय तहले गर्नु पर्ने सिफारिस तथा प्रमाणित गर्ने कार्य सत्य तथ्य बमोजिम यथार्थ र वस्तुगत आधारमा गर्नेछौ ।

८) स्थानीय सेवा सुविधालाई छिटो, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाईनेछ । सेवाग्राहीको सहजताका लागि हेल्पडेस्क, सुचना अधिकारी, प्रवक्ता र गुनासो सुनुवाईको व्यवस्था मिलाइनेछ ।

९) जाती, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय, राजनीतिक आस्था वा अन्य कुनै आधारमा भेदभाव हुने गरी वा कुनै सामाजिक सु-सम्बन्धमा खलल पर्ने गरी कुनै कार्य गरिनेछैन ।

१०) अभिलेख व्यवस्थापनलाई चुस्त वनाईनेछ । कानून द्धारा निर्दिष्ट  तथ्याङ्क समयमै संकलन गरी पार्श्वचित्र  तथा सो नक्साको अद्यावधिक अभिलेख गर्नेछौ ।

११) प्रत्येक वर्षको अषाढ १० गते भित्र वार्षिक बजेट तथा कार्यक्रम तयार गरी अषाढ मसान्त भित्र सभाबाट स्वीकृत गरी सार्वजनिक गर्नेछौ ।

१२) आफ्नो कार्यक्षेत्रमा संचालन गर्नु पर्ने विकास कार्यक्रमहरु प्रचलित कानून बमोजिम योजना, कार्यक्रम वा बजेट स्वीकृत गरेर मात्र कार्यान्वयन गर्नेछौ । सो प्रकृया विपरित कुनै विकास कार्यक्रमको घोषणा, स्वीकृत वा सञ्चालन गरिनेछैन ।

१३) सार्वजनीक खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्य समेतको आधारमा गरिनेछ । मासिक तथा चौमासिक आम्दानी र खर्चको विवरण अवधि समाप्त भएको १५ दिन भित्र सार्वजनिक गर्नेछौ ।

१४) बार्षिक योजना तथा कार्यक्रममा अवण्डा विनियोजन गरी भविष्यमा सभाबाट अनुमोदन हुने गरी कुनै किसीमको खर्च गरिनेछैन । ऐन व्यवस्था भए देखी बाहेक कुनै पदाधिकारीको निर्णयबाट वार्षिक बजेट वा योजना परिवर्तन गरिनेछैन ।

१५) बजेट कार्यक्रम स्वीकृत नगरी कुनै किसिमको दायित्व सृजना हुने गरि खर्च गर्ने वा कोष विनाको दायित्व सृजना गरिनेछैन । वार्षिक वजेट र कार्यक्रममा व्यवस्था नगरी कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा वा सहयोग प्रदान गरिनेछैन ।

१६) स्थानीय तहको आम्दानी खर्च र विकास योजनाको प्रगती विवरण मासिक र चौमासिक अवधि समाप्त भएको १५ दिन भित्र गर्नेछौ ।

१७) चौमासिक विभाजन अनुसार खर्च योजना तयार गरी पुजीगत खर्चलाई प्रभावकारी वनाइनेछ । आर्थिक वर्षको अन्त्य तिर खर्च हुदा वित्तिय र निर्माण कार्यको गुणस्तरमा हुन सक्ने जोखिमलाई कम गर्न अन्तिम चौमासिक अवधिमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहीत गर्नेछौ ।

१८) स्वीकृत बार्षिक वजेटको अधिनमा रही पूजीगत शिर्षकमा २५ प्रतिशत भन्दा बढी रकमान्तर गरिनेछैन । पूजीगत शिर्षकबाट चालुशिर्षकमा रकमान्तर गरिनेछैन र बजेट रकमान्तर सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्था पूर्ण रुपमा पालना गर्नेछौ ।

१९) विभिन्न समिति, उप समिति वा कार्यदल र उपभोक्ता समिति गठन गर्दा महिला, दलित, अल्पसङ्ख्यक लगाएत समुदायको उचित प्रतिनिधित्व हुने गरी गर्नेछौ ।

२०) सभा एवं कार्यपालिकाको निर्णय ३ दिन भित्र वेवसाइट, मुखपत्र वा सुचना पाटी मार्फत सार्वजनिक गरिनेछ। सार्वजनिक गरे पश्चातमात्र निर्णय कार्यान्वय गर्नेछौ ।

२१) स्थानीत तहको सेवा प्रबाह र सञ्चालित योजना तथा कार्यक्रमहरुको सम्बन्धमा प्रत्येक चौमासिक अवधि सम्पन्न भएको १५ दिन भित्र सरोकारवालालाई आमन्त्रण गरी सार्वजनिक गर्नेछौ ।

२२) सदाचार र नैतीक मूल्यहरुको प्रर्वद्धन तथा भ्रष्टचार नियन्त्रणको लागि नैतीक विषय, नागरिक शिक्षा जस्ता सामाजिक सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नेछौ ।

२३) आयोजना र कार्यक्रमहरुको आवधिक रुपमा समिक्षा र मूल्याङ्कन गरी सो को प्रतिवेदन विद्युतिय र छापा माध्यमबाट सार्वजनिक गरी पृष्ठपोषण लिइनेछ ।

२४) स्थानीय स्तरको भू-उपयोग नीति तर्जुमा गरी एकिकृत वस्ती विकासको कार्यक्रम लागु गर्नेछौ ।

२५) आफ्नो स्वामित्वमा रहेको वा हक हस्तान्तरण भई आएको सम्पुर्ण चल अचल वा जिन्सी सम्पतीको अभिलेख अध्यावधिक गरी सम्पतीको संरक्षण गर्नेछौ । सार्वजनिक सम्पतीलाई व्यक्तिगत , पारिवारिक तथा दलिय लाभको लागि प्रयोग गरिनेछैन ।

२६) आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा सामुदायीक सम्पती कानून बमोजिम बाहेक बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण हुने गरी सिफारिस गरिनेछैन ।

२७) आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा वनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्नेछौ ।

२८) सभाबाट कानून नवनाई कुनै पनि किसिमको कर लगाउन वा करका दरहरुको निर्धारण वा हेरफेर गर्ने वा उठाईने छैन । स्थानीय कर, शुल्क, दस्तुर, जरिवाना लगाएतका आन्तरिक राजश्वको प्रक्षपेण गरी आन्तरिक आय बृद्धि गर्ने कार्य योजना वनाई संकलनको मासिक तथा चौमासिक लक्ष्य हासिल गर्ने प्रयत्न गर्नेछौ ।

२९) सार्वजनिक खरिद गर्दा वा सार्वजनिक निर्माण कार्य गर्दा प्रचलित कानूनी प्रक्रिया बमोजिम लागत इष्टिमेट स्वीकृत गराएर मात्र खरिद वा निर्माण प्रक्रिया अगाडी बढाइनेछ । कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा मात्र रकम भुक्तानी गर्नेछौ ।

३०) आर्थिक वर्ष सुरु हुनु भन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको न्यूनतम दररेट तोकिनेछ ।

३१) स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी नियुक्त गरिने छैन । सेवा संचालनका लागि अस्थायी दरवन्दी सृजना गरिनेछैन ।

३२) नेपाल सरकारको स्वीकृत वेगर बैदेशिक सहायता लिने, सम्झौता गर्ने वा सरकारी अभिलेखमा नरहने गरी कुनै किसिमको बैदेशिक सहायता स्वीकृत गरिनेछैन ।

३३) नेपाल सरकारबाट स्वीकृत नियमावली वा कार्यविधिको आधारमा भ्रमण स्वीकृत भएपछि मात्र बैदेशिक भ्रमण गर्नेछौ ।

३४) महालेखा परिक्षकबाट प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन प्राप्त भएको १५ दिन भित्र प्रतिवेदनका मुख्य अंशहरु आफ्नो वेवसाइट मार्फत प्रकाशन गर्नेछौं ।

३५) कुनैपनि कार्यक्रम वा सभा समारोहमा तथा कार्यालयमा मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको प्रयोग गरिनेछैन ।

**जनप्रतिनिधीको तर्फबाट**

समता प्रसाद चौधरी
नगर प्रमुख
घोडाघोडी नगरपालिका
मिति: २०७५।०६।०४

**कर्मचारीको तर्फबाट**

सुरेश सुनार
प्रमुख प्रशासकीय अधिकृत
घोडाघोडी नगरपालिका
मिति: २०७५।०६।०४